## लागू औषध (Narcotics) भनेको के हो ?

मानिसको केन्द्रीय स्नायु प्रणालीमा प्रभाव पारी प्रयोगकर्ताको भावनामा तथा सोचाईमा परीवर्तन ल्याउने औषधीलाई नै लागूऔषध भनिन्छ । लागू औषधले प्रयोगकर्ताको मानसिक चेतना, अनुभूति र मनोभावलाई प्रभावित पारी सोच्ने, सम्झने, बुझ्ने र मनन् गर्ने शक्तिलाई विकृत तुल्याउँछ । स्वस्थ्य शरीरको लागि लागूऔषधको प्रयोग आवश्यक छैन । केही पटकको प्रयोग तथा सेवनमै लागूऔषधको निर्भरता बढ्ने हुँदा यसको प्रयोगले शारीरिक कार्यमा प्रभाव पर्नुको साथै शारीरिक बनावटमा समेत परिवर्तन ल्याउँदछ । जस्तै :- रक्सी, चुरोट, गाँजा, चरेश, अफिम, हेरोईन, कोकिन, विभिन्न मनोद्दिक पर्दाथ **(Psychotropic substances)** आदी ।

## लागूऔषधको राष्ट्रिय-अन्तर्राष्ट्रिय स्थिति

लागूऔषध सेवनको कारण सामान्य मनमुटाव तथा झै-झगडा देखि लिएर लुटपाट, चोरी, तोडफोड, आगजनी, बलत्कार, हत्या जस्ता जघन्य प्रकृतिका अपराधहरू घट्ने गर्दछ । लागूऔषध दुर्व्यसनीकै कारण हाल विश्वमा प्राणघातक एड्स, हेपाटाईटिस बि, हेपाटाईटिस सि जस्ता रोगहरूको संक्रमण बढ्दो छ । हाल नेपालमा १ लाख ५० हजारको हाराहारीमा लागूऔषधको दुर्व्यसनी रहेको अनुमान गरिएको छ । लागूऔषध नियन्त्रण ब्यूरो **(Narcotics Control Bureau)** ले हाले काठमाण्डौमा गरेको एक अन्वेषण **(Research)** ले १५-२४ बर्ष उमेर समुहका लागूऔषध दुर्व्यसनीहरू ५२ प्रतिशत तथा २५ देखि ३४ बर्ष उमेर समुहका दुर्व्यसनीहरू ४२ प्रतिशत रहेको पाईएको छ । उक्त अन्वेषण अनुसार २८ प्रतिशत दुर्व्यसनीहरू एस.एल.सी भन्दा कम अध्यनरत, २२ प्रतिशत एस.एल.सी उत्तिर्ण भएका तथा ३१ प्रतिशत दुर्व्यसनीहरू १0+२/**PCL** अध्ययनरत तथा उर्तीण भएका रहेका छन् । रक्सी, गाँजा, चरेश, हेरोईन र औषधीजन्य लागूऔषधहरू नेपालमा बढी दुरूपयोग हुने लागूऔषधहरू हुन् । पछिल्लो समयमा डाईजेपाम, बुप्रिनर्फिन जस्ता औषधीजन्य लागूऔषधको दुर्व्यसन बढ्दो छ । हाल विश्वमा १४ करोड लागूऔषध दुर्व्यसनीहरू रहेको अनुमान छ र वर्षेनी २ लाख ५३ हजार मानिसहरूले लागूऔषध दुर्व्यसनकै कारण मृत्युवरण गर्दछन् ।

## लागूऔषधको दुर्व्यसनीहरुमा देखिने केही लक्षणहरू (Symptoms)

- स्वभाव र बोल्ने शैलीमा अचानक परिवर्तन आउनु,
- विना कारण झगडा गरेर चाहिने भन्दा बढी पैसा माग्नु र खर्च गर्नु,
- कक्षामा नियमित नहुनु तथा पढाइको स्तर घट्दै जानु,
- घरबाट नगद तथा बहुमुल्य सामानहरू हराउनु,
- पुरानो साथीहरू छोड्दै जानु, नशा तथा अन्य क्रियाकलापको लागि ढाँट्दै जानु,
- शारीरिक रूपमा कुपोषण लागेको जस्तो कमजोर देखिनु,
- शरीरमा काटिएको, रगत, निलडाम र चोटपटक देखिनु,
- लगाएको कपडाबाट बेग्लै किसिमको गन्ध आउनु,
- खल्तीमा, कोठामा चुरोट, लाईटर, सलाई, मैनबत्ती, चम्चा, झिलझिले आदि भेटिनु,
- एक्लोपना रूचाउनु तथा बोलीचाली कम गर्नु,
- अचानक निर्णय परिवर्तन गर्नु तथा तुरून्त आवेगमा आउनु,
- खानामा रूचि नहुनु, मुटुको चाल घटबढ हुनु,
- धेरैजसो घर वाहिर बस्न खोज्नु, ढिलो घर आउनु,
- आँखा रातो हुनु, आँखाबाट आँशु आईरहनु, बोली लर्बरीनु,
- आँखा जुधाएर वा सिधा भएर कुरा गर्न नसक्नु,
- ब्यक्तिगत सरसफाईमा ध्यान नदिनु, एउटै लुगा लगाईरहनु,
- सुत्ने र उठ्ने समयमा अचानक परिवर्तन आउनु, राती उठ्नु र विहान अबेर सम्म सुत्नु ।

## लागूऔषध दुर्व्यसनका कारणहरू

- पारीवारिक/सांस्कृतिक तथा सामाजिक वातावरण,
- परीवारको जेष्ठ सदस्यहरूले लागूऔषधको प्रयोग गर्दा छोराछोरीले सिको गर्न सक्छन्,

**लागूऔषध नियन्त्रण ऐन २०३३ मा उल्लेख भएको सजाय सम्वन्धि प्रावधान**

| लागूऔषधको किसिम | अपराध | अपराधको मापन | कैद (सजाँय) | जरिवाना |
|---|---|---|---|---|
| गाँजा | सेवन | सेवन | एक महिनासम्म वा | रु २,००० रुपया |
| गाँजा | खेती | २५ बोट सम्म वा | तीन महिनासम्म वा | रु ३,००० सम्म |
| गाँजा | खेती | २५ बोट भन्दाबढी | तीन बर्षसम्म वा | रु ५,००० - २५,००० सम्म |
| गाँजा | उत्पादन,तयारी, खरिद, बिक्री बितरण, निकासी वा पैठारी, ओसार पसार तथा संचय गर्ने | ५० ग्राम सम्म,<br>५० ग्राम --५०० ग्राम,<br>५०० ग्राम २ किलो,<br>२ किलो - १० किलो,<br>१० किलो देखी माथी | तीन महिनासम्म वा,<br>१ महिना- १बर्षसम्म,<br>६ महिना -२ बर्षसम्म,<br>१ बर्ष -३ बर्षसम्म,<br>२ बर्ष - १० बर्षसम्म | रु ३,००० सम्म,<br>रु १,०००--रू ५,०००,<br>रु २,००० रु १०,०००,<br>रु ५,००० रु २५,०००,<br>रु १५,००० रु १,००,०००, |
| अफिम, कोका वा सोबाट बनेको | सेवन | सेवन | १ बर्षसम्म वा | रु १०,००० सम्म |
| अफिम, कोका वा सोबाट बनेको | खेती | २५ बोट सम्म वा,<br>२५ बोट भन्दाबढी | १ बर्ष --३ बर्षसम्म र<br>३ बर्ष १० बर्षसम्म र | रु ५,००० सम्म,<br>रु२५,०००- रु २ लाख |
| अफिम, कोका वा सोबाट बनेको | उत्पादन,तयारी, खरिद, बिक्री बितरण, निकासी वा पैठारी, ओसार पसार तथा संचय गर्ने | २५ ग्राम सम्म,<br>२५ ग्राम- १०० ग्राम,<br>१०० ग्राम देखी माथी | ५ --१० बर्षसम्म र,<br>१० १५ बर्षसम्म र,<br>१५ देखी जन्म कैद र, | रु ५,००० --रू २५,०००,<br>रु ७५,००० रु २,०००००,<br>रु ५ लाख रु २५ लाख सम्म |
| मनोद्विपक पदार्थ र तिनको लवण र अन्य पदार्थ | सेवन | सेव | २ महिनासम्म वा | रु २,००० सम्म |
| मनोद्विपक पदार्थ र तिनको लवण र अन्य पदार्थ | उत्पादन,तयारी, खरिद, बिक्री बितरण, निकासी वा पैठारी, ओसार पसार तथा संचय गर्ने | | २ बर्ष देखी १० बर्ष सम्म र | रु १ लाख - रु २० लाख सम्म |

- छोराछोरीको अवस्थाका उमेरको परीवेश र बाहिरी वातावरणको तारतम्य मिलाउन नसक्नु,
- छोराछोरीलाई दिएको पैसाको कसरी उपयोग भएको छ भनेर चेकजाँच नगर्नु,
- छोराछोरीहरूलाई नराम्रो कृयाकलाप र व्यवहार गर्नबाट नरोक्नु,
- छोराछोरीमा नैराश्यपना जगाउने वातावरणको सिर्जना हुनु,
- आवश्यकता अनुरूपको समय दिन नसक्नु, लामो समयसम्म टाढा राख्नु,
- लागूऔषध सेवनलाई स्वाभाविक प्रकृयाको रूपमा स्विकारेको सामाजिक वातावरण हुनु,
- लागूऔषध सेवन गर्ने साथीभाईको संगत हुनु,
- साथीभाईले लागूऔषध सेवनको लागि गर्ने अनुरोध, दवावलाई अस्वीकार गर्न नसक्नु,
- लागूऔषध सेवनबाट पुग्ने क्षतीको वारेमा जानकारी नभई या हुँदा हुँदै यसको प्रयोग गर्नु ।
- आफुले गरेको काममा लिएको उदेश्यमा असफल भई निराश हुनु,
- लागूऔषधको बेचविखन र प्राप्ती सहज हुनु ।

## लागू औषधको दुर्व्यसनबाट कसरी बच्ने ?

- सुरू गर्नु अगाडिनै रोक्ने प्रयास गर्ने,
- कुनै साथीले खाने निम्तो दिएमा तुरून्त ठाउँ छाडी हिड्ने,
- सच्चा मित्रले नशा प्रयोग नगरेकोमा आफ्नो सम्मान गर्दछ भन्ने बुझ्ने,
- नशा प्रयोग नगर्ने साथीसँग मात्र हिड्ने,
- घरमा माता पिता वा दाजुभाइले रक्सि वा लागू औषध प्रयोग गर्दछन् भने तिनको अनुसरण नगर्ने,
- आफ्नो स्कुलमा नशा खाने समूहबाट टाढाँ रहने प्रयास गर्ने ।
- नकारात्मक प्रस्ताबहरूलाई सदैव नाइ भन्न सक्ने क्षमताको विकास गर्ने,
- आफ्नो खाली समयलाइ घरको कामकाज, भ्रमण,किनमेल, तथा सेवाको काममा मन लगाइ प्राकृतिक तरिकाले आनन्द लिने प्रयास गर्ने,
- ध्यान, योग वा अन्य कुनै अध्यात्मिक आस्थासंग आवद्ध रहने,
- साहित्य, संगीत, कला, खेलकुद, नृत्य जस्ता श्रृजनशील कार्यमा आफूलाई व्यस्त राख्ने ।

## अभिभावकले अपनाउनु पर्ने केही उपायहरू

- छोराछोरीहरूको हरेक क्रियाकलाप, साथीभाई, विधालय समय वाहेक अरू बेला ब्यतित गर्ने ठाँउ आदि बारे जानकारी राख्ने,
- खेलकुद, कला तथा सांगितिक कार्यक्रम लगायतका गतिविधीमा बढी संलग्न गराउने,
- छोराछोरीलाई गलत साथीहरूको संगतमा पर्न नदिने,
- छोराछोरीहरूलाई मध्यपान तथा धुम्रपानको प्रयोगबाट टाढा राख्ने,
- छोराछोरीलाई लागूऔषध र यसको असरको बारेमा जानकारी गराउने,
- विधालयसँग सम्पर्क गरी आफ्ना बालबालिकाको पढाई तथा अतिरिक्त क्रियाकलापमा सहभागिता बारे बुझ्ने,
- छोराछोरीसँग प्रयाप्त समय बिताउने र बिचारहरूको आदान प्रदान गर्ने ।

## लागू औषधको दूर्व्यशनमा परेका सदस्यलाई परिवारले कसरी मद्दत गर्ने ?

लागू औषध एउटा हृदयहिन शत्रु हो । यसले सम्पूर्ण परिवार तथा निकटका व्यक्तिहरूलाई दुखित तुल्याउँछ । दूर्भाग्यवस कुनै सदस्य यस्तो दुर्व्यसनको लतमा फस्न गएमा परिवारले संयम भइ निम्न लिखित उपायहरू अपनाउनु पर्दछ ।

**समस्यालाई स्विकार गर्ने र तुरन्त परामर्श लिने** : परिवारको मूल सदस्यले संयमी भइ समस्यालाइ स्विकार गरी दूर्व्यशनीले नशा छोडोस् भन्ने आशा गर्नुको साटो सम्बन्धित विषयका विज्ञहरूसँग परामर्श गर्ने । विभिन्न उपचार केन्द्र तथा परामर्शदाताहरूसँग समन्वय राखी उपचार गर्ने ।

**सहयोगात्मक व्यवहार गर्ने** : नशा छोड्न पीडित व्यक्तिले नै प्रथम प्रयास गर्नु पर्ने भएकोले त्यस प्रकारको वातावरण तयार गरी निजलाइ पूर्ण सहयोग गर्ने ।

**आरोप प्रत्यारोपबाट बच्ने** : विरामी वा परिवार वा आफैलाइ अपराध बोधबाट प्रभावित भई आरोप नलगाउने ।

**नकारात्मक सहयोग बन्द गर्ने** : विरामीले पैसा माग्ने वा उपचारको नाममा नाजायाज फाइदा उठाउन खोजेमा आर्थिक सहयोग नगर्ने ।

**उपचार गराउने** : लागूऔषधको कुलतमा फसिसकेका दुर्व्यसनीहरूलाई नेपाल सरकारले मौखिक प्रतिस्थापन उपचार विधि अन्तर्गत मेथाडोन सेवा उपलब्ध गराउँदछ । यो सेवा काठमाण्डौमा पाटन अस्पताल तथा त्रि.वि.वि. शिक्षण अस्पतालमा, नेपालगन्ज, बुटवल, पोखरा, विरगन्ज र विराटनगर स्थित सरकारी अस्पतालहरूमा नि:शुल्क उपलब्ध छ ।

त्यस्तै, एक अन्तर्राष्ट्रिय गैर सरकारी संस्था वर्ल्ड भिजनले समेत काठमाण्डौको पुरानो वानेश्वर र मनिमण्डलमा, पोखरा, भैरहवा, विरगन्ज र दमकमा नि:शुल्क बुप्रेनर्फिन सेवा उपलब्ध गराउँदै आएको छ ।

# दुर्व्यसनरहित स्वस्थ र सभ्य समाजको निर्माण गरौ !

## आशाको एक सन्देश: लागूऔषध दुर्व्यसनको रोकथाम र उपचार सम्भव छ ।

GOVERNMENT OF NEPAL
MINISTRY OF HOME AFFAIRS
Narcotics Control Bureau
लागूऔषध नियन्त्रण ब्यूरो

## लागूऔषध अपराधको गोप्य सूचना प्रहरीलाई ! कुलतवाट युवाहरुलाई वचाई उज्वल भविष्य दिने श्रेय तपाइलाई !!


**सम्पर्क :**

**लागूऔषध नियन्त्रण ब्यूरो, कोटेश्वर**

सम्पर्क नं. : ०१-४६०१०४८, फ्याक्स : ०१-४६०१९७८

वेभ साइट : www.ncb.nepalpolice.gov.np

ईमेल ठेगाना : ncb@nepalpolice.gov.np

ncbnepal@gmail.com